मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)
पृथ्वीचोक-९, पोखरा, नेपाल,
फोन नं. : ०६१-५२२७८६, फ्याक्स नं. ०६१-५३७९५२
E-mail: info@muktinathbank.com.np, URL: www.muktinathbank.com.np

को

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फत: NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

कोड नं.

श्री संचालक समिति,
मुक्तिनाथ विकास बैंक लिमिटेड
पृथ्वीचोक, पोखरा, नेपाल ।

शेयरधनी नं./परिचय नं.

DP ID

Client ID

महाशय,

त्यस विकास बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७३/५/२९ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस विकास बैंकको जम्मा ..... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा ..... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा ..... कित्ता तथा हक हस्तान्तरण भै आएको ..... कित्ता गरि जम्मा.....कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस विकास बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

साविकको			कायम हक अनुसार लिन चाहेको जम्मा शेयर कित्ता		हक हस्तान्तरण गरिदिनेको शेयरधनी नं.	हक हस्तान्तरण गरी लिएको हकप्रद शेयर	कायम तथा हक हस्तान्तरण जोड गरी लिन चाहेको जम्मा हकप्रद शेयर कित्ता	
शेयर प्रमाण-पत्र नं.(हरु)	जम्मा शेयर कित्ता							
	अंकमा	अक्षरमा	अंकमा	अक्षरमा		अंकमा	अंकमा	अक्षरमा

माथी कोष्ठमा नपुगेमा छुट्टै कागजमा विवरण भर्नुभई दस्तखत गरि संलग्न गर्नुहोला ।

प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.		अक्षरेपी			
रकम बुझाएको स्थान:		रसिद भौचर नं.:		मितिः	२०७३/ /

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक				
	In English	Mr./Mrs./Miss/Minor				USE CAPITAL LETTER
ठेगाना		वडा/घर नं./टोल		गा.वि.स./न.पा.		
Address		Ward/House No./Tole		VDC/Municipality		
जिल्ला		E-mail		Mobile/Phone No.		
District		P.O. Box No.		P.B. District		
बाबुको नाम						
Father's Name						
बाजे/पति/पत्नीको नाम						
Grandfather's/ Husband's Wife's Name						
संरक्षकको नाम (नाबालकको हकमा)						

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत वैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. धेरै शेयर प्रमाण-पत्रहरु भएमा छुट्टै सिटमा उल्लेख गरी यस दरखास्त फारामसाथ संलग्न गर्नु हुन अनुरोध छ ।
३.. DEMAT तथा भौतिक शेयर दुवै भएमा छुट्टाछुट्टै फाराम भर्नुपर्नेछ ।
४. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client Id दुवै उल्लेख गर्नुपर्नेछ तथा आफ्नो Demat खाताको Statement समेत संलग्न गर्नुहुन अनुरोध छ ।
५. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत: NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

रसिद

दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	MUKTINATH BIKAS BANK LTD.				
No. Of shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

निवेदकको दस्तखत
(Applicant's Signature)

For Official Use Only: Code No.

Received by:

Date: Stamp

DP ID

Client ID

१) हकप्रद साधारण शेयर प्रमाण-पत्र लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । २) हकप्रद साधारण शेयर बाँडफाँटमा परेका शेयरधनीले शेयरको प्रमाण-पत्र बुझ्न आउँदा नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि वा अन्य कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । ३) हकप्रद साधारण शेयरको प्रमाण-पत्र लिन आउँदा आफ् उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडी मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिद अनिवार्य रुपमा पेश गरी शेयरधनीको नागरिकता प्रमाण-पत्रको वा अन्य कुनै आधिकारिक परिचय-पत्रको प्रतिलिपिका साथै मञ्जुरीनामा प्राप्त गर्ने व्यक्तिको परिचय-पत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

मुक्तिनाथ विकास बैंक लिमिटेड

१. संगठित संस्थाको नाम :
मुक्तिनाथ विकास बैंक लिमिटेड (MUKTINATH BIKAS BANK LTD.)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :
यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय पोखरा-९, पृथ्वीचोकमा रहेको छ। नेपाल राष्ट्र बैंकबाट मिति २०७३/०२/०२ मा केन्द्रीय कार्यालय काठमाण्डौ महानगरपालिका वडा नं. ३१, कमलादीमा स्थानान्तरणको लागि पूर्व स्वीकृति प्राप्त भएको र दशौं वार्षिक साधारण सभाबाट पारित पश्चात संशोधन सहित स्थानान्तरण हुनेछ।

३. कारोवार स्थान :
यस विकास बैंकको स्तरोन्ती भई राष्ट्रिय स्तरको विकास बैकमा परिणत भई नेपाल राज्यभर कार्यक्षेत्र विस्तार भएको छ। यसको केन्द्रीय कार्यालय हाल गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा उपमहानगरपालिका-९, पृथ्वीचोकमा रहेकोछ। यस विकास बैंकले हाल १२ वटा जिल्लाहरु स्याङ्जा, कास्की, तनहुं, चितवन, नवलपरासी, रुपन्देही, पाल्पा, गुल्मी, पर्वत, बाग्लुङ्ग, धादिङ्ग र काठमाण्डौमा शाखा विस्तार गरी कारोबार सञ्चालन गर्दै आइरहेको छ। कास्की जिल्लाको बुढिबजार, गगनगौडा, हरिचोक, बैदाम, सल्यान, नयाँपुल, पृथ्विचोक, चिप्लेढुङ्गा, छोरेपाटन, हेमजा, काहुखोला, अर्धौं; स्याङ्जा जिल्लाको पुतलीबजार, बयरघारी, वालिङ्ग, गल्याङ्ग र चापाकोट; तनहुँ जिल्लाको भिमाद, दुलेगौडा, दमौली र डुम्रे; चितवन जिल्लाको भरतपुर शहिदचोक; बाग्लुङ्ग जिल्लाको बाग्लुङ्ग बजार तथा रुपन्देहीको ट्राफिकचोक; बुटवल, गल्लामण्डी भैरहवा, पर्वत जिल्लाको कार्किनेटा, धादिङ्ग जिल्लाको धादिङ्गबेसी, बैरेनी, आरुघाट र काठमाण्डौंको महाराजगञ्ज काठमाण्डौमा शाखा कार्यालय मार्फत आधुनिक बैकिङ्ग सेवा कारोवार संचालन गर्दै आईरहेको छ। साथै लघुवित्त कार्यक्रम अन्तर्गत आधुनिक बैकिङ्ग कार्यालय रहेका स्थानहरुमा कास्की जिल्लाको पृथ्वीचोक, चिप्लेढुङ्गा, गगनगौडा, नयाँपुल, स्याङ्जा जिल्लाको पुतलिवजार, वालिङ, गल्याङ, चापाकोट; तनहुँ जिल्लाको भिमाद, दुलेगौडा, डुम्रे, दमौली; चितवन जिल्लाको शहिदचोक नारायणगढ, रुपन्देही जिल्लाको ट्राफिकचोक बुटवल, गल्लामण्डी, भैरहवा र पर्वत जिल्लाको कार्किनेटामा डेक्स कार्यालय मार्फत र लघुवित्त इकाई मार्फत हेम्जा, काहुँखोला, अर्धौं, छोरेपाटन, मार्फत लघुवित्त सेवा साथै विरुवा, फेदिखोला, जुग्ले, अर्जुनचौपारी, मिर्मि, रिडी बजार गुल्मी, ताहुँ, पाल्पा; सरई, पाल्पा; गरगरे, रुपन्देही; रामापुर कोलोनी, रुपन्देही; गोपिगञ्ज, नवलपरासी; गिरुवारी बजार नवलपरासी; खहरे, नवलपरासी; पार्वतीपुर, चितवन; खोलेसिमल, चितवन; बैरेनी, धादिङ्ग; गल्छी, धादिङ्गमा सिमित बैकिङ्ग कार्यालय र एक्सटेन्सन काउन्टर आदमघाट, एक्सटेन्सन काउन्टर पुछार बजार, एक्सटेन्सन काउन्टर सल्यानटार बजार; मार्फत वित्तीय सेवा संचालन गर्दै आएको छ। आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य जिल्ला/क्षेत्रहरुमा शाखा कार्यालय खोलि कारोवार गर्न सकिनेछ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :
मुक्तिनाथ विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६२/१२/२२ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६३/९/१८ मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी, मिति २०६३/९/१९ देखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ। यसका संस्थापकहरुमा नेपाल सरकारको प्रशासनिक उच्च तहको कार्यानुभव भएका तथा वित्तीय क्षेत्र, उद्योग व्यवसाय, शैक्षिक क्षेत्र एवं ब्यवस्थापनमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यक्तित्वहरु रहेका छन्।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय व्यवसाय) गर्ने यसका मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन :

क) यस विकास बैंकका निक्षेपकर्ता तथा सेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै, सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि
आवश्यक आन्तरिक तथा बाह्य वित्तीय साधन स्रोत जुटाई, देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,
ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई, गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र
घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी, संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

५. शेयर पूँजीको संरचना :
क) अधिकृत पूँजी : यस विकास बैंकको अधिकृत पूँजी रु.२,५०,००,००,०००/- (दुई अर्ब पचास करोड) रहेकोछ। जसलाई प्रति सेयर रु.१००/- अङ्कित मूल्यका २,५०,००,००० कित्ता साधारण सेयरमा विभाजन गरिएको छ।
ख) जारी पूँजी : यस विकास बैंकको जारी पूँजी रु.१,२५,७६,४९,१२५/- (एक अर्ब पचिस करोड छ्यहत्तर लाख उनन्पचास हजार एक सय पच्चिस) रहेकोछ। जसलाई प्रति सेयर रु.१००/- अङ्कित मूल्यका १,२५,७६,४९१.२५ कित्ता साधारण सेयरमा विभाजन गरिएको छ।
ग) चुक्ता पूँजी : हाल यस विकास बैंकको चुक्ता पूँजी रु.८३,८४,३२,७५०/- (त्रियासी करोड चौरासी लाख बत्तिस हजार सात सय पचास) रहेकोछ, जसलाई प्रति सेयर रु.१००/- अङ्कित मूल्यका ८३,८४,३२७.५ कित्ता साधारण सेयरमा विभाजन गरिएको छ। स्वीकृत विवरण मार्फत् निष्काशन गरिने हकप्रद सेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात बैंकको चुक्ता पूँजी रु.१,२५,७६,४९,१२५/- (एक अर्ब पच्चिस करोड छ्यहत्तर लाख उनन्पचास हजार एक सय पच्चिस) हुनेछ।

६. हकप्रद सेयर निष्काशन गरी बाँडफाँट गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचना :

समूह	शेयरधनी	शेयर कित्ता	पूँजी संरचना	चुक्ता रकम (रु.)	भुक्तानी प्रतिशत
(क)	संस्थापक	६४,१४,०१०.५३	५१%	६४,१४,०१,०५३.७५	शतप्रतिशत
(ख)	सर्वसाधारण (कर्मचारीहरु समेत)	६१,६२,४८०.७२	४९%	६१,६२,४८,०७१.२५	शतप्रतिशत
	जम्मा	१,२५,७६,४९१.२५	१००%	१,२५,७६,४९,१२५.००	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :
विकास बैंकको संचालक समितिमा हाल देहाय बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ :

सि.नं.	नाम र ठेगाना	पद	शैक्षिक योग्यता	ब्यवसायमा अनुभव	प्रतिनिधित्व समूह
१.	श्री मिनप्रसाद गुरुङ्ग कोल्मा-६, स्याङजा	अध्यक्ष	स्नातकोत्तर	अध्यक्ष - कोल्मा सामुदायिक क्याम्पस स्याङ्जामा विगत ४ वर्षदेखी। पुर्व सभापति - जिल्ला रेडक्रस सोसाइटि स्याङ्जाको सभापती भई ४ वर्ष काम गरेको अनुभव। अध्यक्ष - सामुदायिक विद्युत उपभोक्त समिति स्याङ्जामा विगत ८ वर्ष देखी। पुर्व अध्यक्ष - कोल्मा उच्च मा.वि. कोल्मा स्याङ्जाको अध्यक्ष भई करिव १२ वर्षको कार्य अनुभव।	संस्थापक समूह
२.	श्री प्रकाश प्रसाद श्रेष्ठ पुतलीबजार-४, स्याङजा	संचालक	प्रमाणपत्र तह	अध्यक्ष - अमुल डेरी नेपाल प्रा.लि., रुपन्देहीमा विगत ३ वर्ष देखी। अध्यक्ष - पन्चरत्न प्लास्टीक इन्डस्ट्रीज प्रा.लि.मा विगत ७ वर्ष देखी। प्रोपाइटर - प्रयास सप्लायर्स।	संस्थापक समूह
३.	श्री खिम प्रकाश मल्ल पुतलीबजार-१, स्याङजा	संचालक	स्नातकोत्तर	मिति २०५२ सालदेखी निर्माण व्यवसायमा आवद्ध भई करिब २१ वर्षको कार्य अनुभव।	संस्थापक समूह
४.	श्री नारायण कुमार श्रेष्ठ बुढाथुम-८, धादिङ्ग	संचालक	स्नातक	प्रबन्ध निर्देशक - एन मल्टीनेशन मिडिया। पुर्व अध्यक्ष - साविक सिभिक डेभलपमेण्ट बैंक लि.मा ४ वर्ष अध्यक्ष भई काम गरेको अनुभव।	संस्थापक समूह
५.	श्री नारायण प्रसाद पौडेल आरुखर्क-६, स्याङजा	संचालक	प्रमाणपत्र तह	अध्यक्ष - विगत १० वर्ष देखी मानव मिलन सस्था आरुखर्क स्याङ्जाको अध्यक्ष। उपाअध्यक्ष - सामुदायिक विद्युत उपभोक्त राष्ट्रिय महासंघ। सल्लाहकार संयोजक - सहारा समुह स्याङ्जा। शिक्षा क्षेत्रमा २४ वर्षको अनुभव, हाल निवृत्त।	सर्वसाधारण समूह
६.	चुडामणि कडेल लेखानी-३, बाग्लुङ	संचालक	स्नातकोत्तर	विगत १८ वर्ष देखि प्रध्यापनरत। पिएचडी स्कोलर। पुर्व सञ्चालक - गरिमा विकास बैंक लि.।	सर्वसाधारण समूह
७.	गजेन्द्रमान श्रेष्ठ विदुर न.पा.-९, नुवाकोट	संचालक	स्नातकोत्तर	प्रमुख कार्यकारी अधिकृत - सुभेक्षा फार्मेसी। अध्यक्ष - च्यान फार्मेसी कार्यरत। प्रबन्ध निर्देशक - सिभिक इन्भेष्टमेण्ट प्रा.लि.।	सर्वसाधारण समूह

नोट: नेपाल राष्ट्र बैंकले कायम गरेको विशेषज्ञ सञ्चालक १ (एक) जना नियुक्त हुन बाँकी रहेको छ।

विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:
नाम : श्री भरतराज ढकाल **ठेगाना** : फापरथुम-४, स्याङ्जा। **योग्यता** : एम.बि.ए.
अनुभव : बैंक तथा वित्तीय संस्थामा विगत १८ बर्ष देखिको कार्य अनुभव • डेभलमेण्ट बैंकर्स एसोसिएशन : २०७० देखी २०७२ सम्म प्रथम उपाध्यक्ष भई २ वर्षको कार्य अनुभव • रोयल को-अपरेटिभ सो. लि. : मिति २०५७ देखी २०६१ सम्म प्रवन्ध निर्देशक भई करिब ५ बर्षको कार्य अनुभव • जिल्ला बालकल्याण समिति स्याङ्जा : पूर्व अध्यक्ष, ४ वर्षको कार्य अनुभव • मानव अधिकार तथा शान्ती समाज : २०५७ देखी २०६१ सम्म मानव अधिकार तथा शान्ती समाज स्याङ्जाको संस्थापक सभापती भई ४ वर्ष काम गरेको अनुभव • श्री भगवती उ.मा.वि. : पूर्व व्यावस्थापन समिति अध्यक्ष, ३ वर्षको कार्य अनुभव।

८. संचालक समितिको बनौट :
यस विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना सञ्चालकहरु रहेको एक सञ्चालक समिति देहाय बमोजिम गठन हुनेछ :

"क" समूहका संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	४ जना
"ख" समूहका सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित सञ्चालकहरु	३ जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित सञ्चालक	१ जना
जम्मा	**८ जना**

९. निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :
यस विकास बैंकको हाल कायम चुक्ता कुल साधारण सेयर संख्या ८३,८४,३२,७५० कित्ताको दुई सेयर बराबर एक सेयर (२ : १) को अनुपातमा (अर्थात् हाल कायम दुई कित्ता साधारण सेयर बराबर नयाँ १ कित्ता साधारण सेयर) प्रति सेयर रु.१००/- का दरले जम्मा ४१,९२,१६३.७५ कित्ता हकप्रद साधारण सेयर निष्काशन गरिनेछ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम तथा हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था:
हकप्रद सेयर निष्काशन प्रयोजनको लागि विकास बैंकले हकप्रद सेयर निष्काशन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मिति २०७३/५/२९ गतेसम्ममा सेयर खरिद गरी कायम भएका साविकका सेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण सेयरको दुई सेयर बराबर एक सेयर (२ : १) को अनुपातमा प्रति सेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट संलग्न गरी आवेदन दिन सक्नेछन्। यदि कुनै सेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद सेयर खरिदका लागि आवेदन दिंदा खण्डित सेयर (Fraction Share) मा सेयर संख्या पर्न आएमा माथिल्लो नजिकको सेयर कित्ताको लागि आवेदन दिन सक्नेछ। यसरी माथिल्लो सेयर कित्ताको लागि आवेदन दिने सेयरधनीहरुको हकमा यस हकप्रद सेयर निष्काशनको क्रममा बिक्री नभई बाँकी रहेको सेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ। यदि यस हकप्रद सेयरको लागि निष्काशन गरिएको सम्पूर्ण सेयरका लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृती लिई विकास बैंकको संचालक समितिले माथिल्लो सेयर कित्ता माग गरी दरखास्त दिने सेयरधनीहरुलाई हकप्रद सेयर बाँडफाँट गरिनेछ। स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद सेयरको लागि आफ्नो कायम हक भन्दा बढी हकप्रद सेयरको लागि दरखास्त दिन पाइने छैन। तर साविकका सेयरधनीले आफ्नो कायम हक भन्दा कम हकप्रद सेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हक भन्दा कम हकप्रद सेयर खरिदका लागि आवेदन दिने सेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद सेयर बाँडफाँट गरिनेछ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :
साविकका सेयरधनीहरुले हकप्रद सेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका सेयरहरुको सम्बन्ध "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार सञ्चालक समितिले निर्णय गर्नेछ।

१२. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात *(रु. हजारमा)*

पूँजी तथा दायित्व	वास्तविक आ.ब. ०६९/०७०	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	*अपरिष्कृत आ.ब. ०७२/०७३	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
१. सेयर पूँजी	३२९,८८४	५०७,१५०	८३८,४३३	८३८,४३३	१,२५७,६४९	१,२५७,६४९	१,२५७,६४९
२. जगेडा तथा कोषहरु	६८,५९४	८८,६३८	१३३,६१३	५०३,३८४	५२७,३२४	१,१४४,९८४	१,९८४,७७९
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	२४८,८३०	९८,१५०	२७,४७०	-	३२,९६४	३७,९०९	४१,६९९
५. निक्षेप दायित्व	३,६६२,८१३	५,१९७,८८५	७,७८१,५५८	११,२७६,६५३	१८,९३२,३२३	३०,४९४,७७७	४०,५५२,१०५
६. भुक्तानी दनु पर्ने बिलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	१८,३७५	७,३५०	१०,४४३	-	-	-	-
८. आयकर दायित्व	-	४,३८०	-	-	-	-	-
९. अन्य दायित्व	९४,७००	१२५,८८२	२०८,९५५	४२५,३१९	१३८,४७०	१५२,३१७	१६७,५४९
कुल दायित्व	४,४२३,१९६	६,०२९,४३५	९,०००,४७२	१३,०४३,७८९	२०,८८८,७३०	३३,०८७,६३६	४४,००३,७८१

सम्पत्ति	वास्तविक आ.ब. ०६९/०७०	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	*अपरिष्कृत आ.ब. ०७२/०७३	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
१. नगद मौज्दात	१२३,०७४	१३९,४६२	२२६,५८६	३५६,९१२	२,३१४,५९६	४,७०६,४८७	६,१६९,०५०
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२३०,२४४	२४७,८९७	४७५,२७०	६९३,१४५	७२७,८०३	१,०५५,३१४	१,१६०,८४५
३. बैक /वित्तीय संस्थामा रहेको मौज्दात	३,३५६	१२,७६१	१३,५००	४८,३०७	५०,७२२	७३,५४७	८८,२५७
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	९३८,७९६	१,०६२,६४५	१,४१०,४११	१,५७१,३६६	१,६०२,७९४	३,९२६,८४५	६,२८२,९५२
५. लगानी	५३,६७९	८५,७६९	१०३,४७२	११४,९६०	१४२,२९९	१४९,४१३	१५६,८८४
६. कर्जा सापट तथा बिल खरिद	२,९९८,२००	४,३७७,५९६	६,६२५,२६०	९,९०४,७७४	१५,६६२,३८३	२२,७४७,१४३	२९,६७३,२१२
७. स्थिर सम्पत्ति	५६,८४२	६६,८१६	९६,४६८	२९९,३५१	३२९,६३७	३६२,६०१	३९८,८६१
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	१९,००५	३६,४८८	४९,५०६	५४,९७४	५८,४९७	६६,२८५	७३,७२१
कुल सम्पत्ति	४,४२३,१९६	६,०२९,४३५	९,०००,४७२	१३,०४३,७८९	२०,८८८,७३०	३३,०८७,६३६	४४,००३,७८१

नाफा-नोक्सान हिसाब *(रु. हजारमा)*

विवरण	वास्तविक आ.ब. ०६९/०७०	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	*अपरिष्कृत आ.ब. ०७२/०७३	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
१. व्याज आम्दानी	४७२,००२	६१३,७५९	८३६,२४३	१,१७४,७६३	१,५५९,९३८	२,५७१,५७४	३,४८९,७७३
२. व्याज खर्च	२४२,९२४	२८६,९५६	३५०,७९६	४८३,९०५	७४०,५३६	१,३६६,३३०	१,९६२,२९१
खुद ब्याज आम्दानी	२२९,०७७	३२६,८०३	४८५,४४७	६९०,८५८	८१९,४०२	१,२०५,२४३	१,५२७,४८२
३. कमिशन तथा डिस्काउण्ट	९,१६९	९,०७६	१२,३७२	१९,५९४	३९,१८८	५०,९४५	६१,१३४
४. अन्य संचालन आम्दानी	-	-	-	१३९,३८०	-	-	-
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-	-
कुल संचालन आम्दानी	२८३,९९४	४१६,२९५	५८८,८८४	८४९,८३२	१,०३५,९२३	१,४८०,५५४	१,८५०,५२७
६. कर्मचारी खर्च	६७,६४३	९०,४३३	१३३,४९२	१४९,७१७	२०५,१५०	२४६,१८०	२८३,१०७
७. अन्य संचालन खर्च	५५,१०६	७६,९९०	९५,४२७	१३६,०२६	१६८,८५१	२४४,१००	२३०,५०१
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अधिको संचालन मुनाफा	१६१,२४५	२४८,८७१	३५९,९६५	५६४,०८९	६६१,९२३	९९०,२७४	१,३३६,९२०
९. सम्भावित नोक्सानी	२१,३९०	२१,५७९	२९,५०५	३१,०५७	९४,२६६	७६,२६४	७९,५००
संचालन मुनाफा/(नोक्सान)	१३९,८५५	२२७,२९२	३३०,४५९	५३३,०३२	५६७,६५७	९१४,०१०	१,२५७,४१९
१०. गैर संचालन आम्दानी/(नोक्सान)	१७१	७,९७८	२,१९१	२६,०६२	३०,१४०	३४,६६१	३८,१२७
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	१४,५११	३,३४५	१४,३८१	७,२७३	२०,८९२	२१,९३७	२४,१३१
नियमित कारोवारबाट भएको मुनाफा	१५४,५३७	२३८,६१५	३४७,०३२	५६६,३६७	६१८,६८९	९७०,६०८	१,३१९,६७७
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	(३,४२४)	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	१५४,५३७	२३८,६१५	३४७,०३२	५६२,९४३	६१८,६८९	९७०,६०८	१,३१९,६७७
१३. कर्मचारी बोनस व्यवस्था	१४,०४९	२१,६९२	३१,५४८	५१,१७७	५६,२४४	८८,२३७	११९,९७१
१४. आयकर ब्यबस्था	४२,४७१	६५,०७७	९७,८३९	१५२,८८६	१६८,७३३	२६४,७११	३५९,९१२
यस वर्षको	४४,०८७	६६,३३९	९८,९७०	१५२,८८६	१६८,७३३	२६४,७११	३५९,९१२
गत वर्षको	-	१७६	-	-	-	-	-
पर सारिएको आयकर आम्दानी / (खर्च)	१,६१६	१,४३७	१,१३१	-	-	-	-
खुद मुनाफा/(नोक्सान)	९८,०१७	१५१,८४५	२१७,६४४	३५८,८८०	३९३,७११	६१७,६६०	८३९,७९५
सेयर संख्या (हजारमा)	३,२९९	५,०७२	८,३८४	८,३८४	१२,५७६	१२,५७६	१२,५७६
प्रति सेयर आम्दानी (रु.)	२९.७१	२९.९४	२५.९६	४२.७५	३१.३१	४९.११	६६.७७

नेटवर्थ सम्बन्धी विवरण *(रु. हजारमा)*

विवरण	वास्तविक आ.ब. ०६९/०७०	वास्तविक आ.ब. ०७०/०७१	वास्तविक आ.ब. ०७१/०७२	*अपरिष्कृत आ.ब. ०७२/०७३	प्रक्षेपित आ.ब. ०७३/०७४	प्रक्षेपित आ.ब. ०७४/०७५	प्रक्षेपित आ.ब. ०७५/०७६
चुक्ता पूँजी	३२९,८८४	५०७,१५०	८३८,४३३	८३८,४३३	१,२५७,६४९	१,२५७,६४९	१,२५७,६४९
जगेडा तथा कोषहरु	६८,५९४	८८,६३८	१३३,६१३	५०३,३८४	५२७,३२४	१,१४४,९८४	१,९८४,७७९
कुल	३९८,४७८	५९५,७८८	९७२,०४६	१,३४१,८१७	१,७८४,९७४	२,४०२,६३३	३,२४२,४२८
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	(१,२०४)	-	-	-	(५००)	(९५०)	(१,३४५)
कुल नेटवर्थ	३९७,२७४	५९५,७८८	९७२,०४६	१,३४१,८१७	१,७८४,४७४	२,४०१,६८३	३,२४१,०८३
सेयर संख्या (हजारमा)	३,२९९	५,०७२	८,३८४	८,३८४	१२,५७६	१२,५७६	१२,५७६
प्रति सेयर नेटवर्थ (रु.)	१२०.४३	११७.४८	११५.९४	१५९.९९	१४१.८९	१९०.९७	२५७.७१
प्रति सेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	२४.६७%	२५.४९%	२२.३९%	२६.७२%	२२.०६%	२५.७२%	२५.९१%
निष्काशन पूर्वको प्रति सेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा					२३.४७%		

*लेखापरिक्षण पूर्वको वित्तीय विवरणको आधारमा।

नोट: माथि उल्लेखित आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षको कारोवारहरुको आधारमा निष्काशनकर्ता विकास बैंक आफैले तयार पारेको हो। उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थपरक भएको ब्यहोरा प्रमाणित गर्ने विशेषज्ञमा एनविएसएम एण्ड एसोसिएट्सका श्री राजेश कुमार शाह (चार्टर्ड एकाउण्टेण्ट) पुतलीसडक, काठमाण्डौं रहेकोछ।

१३. संगठित संस्थाले गर्ने भएको काममा नीहित संभाबित आर्थिक जोखिमहरु :
क) विद्यमान बैंक तथा वित्तीय संस्थाहरुको स्थापना मार्फत उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु।
ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम।
ग) देशको वित्तीय र मौद्रिक नीति तथा वित्तीय संस्था सम्बन्धी नीतिमा नेपाल सरकार तथा नेपाल राष्ट्र बैकबाट हुन सक्ने अप्रत्याशित निति नियम परिवर्तनबाट विकास बैंकको मुनाफामा पर्न सक्ने प्रतिकुल प्रभाव।
घ) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु।
ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु।
च) निक्षेप तथा कर्जाको ब्याजदरमा आउने परिवर्तन तथा यथा-समयमा कर्जा असुली नभई उत्पन्न हुनसक्ने आर्थिक जोखिमहरु।
ज) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु।
झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक परिस्थिति तथा आर्थिक मन्दीबाट पर्न सक्ने जोखिमहरु।

यस विकास बैंकको सञ्चालनको इतिहास करिव १० (दश) वर्षको रहेको छ। विकास बैंकको कर्जा तथा लगानी खराब भइ हुन सक्ने जोखिमहरुको लागि कर्जा जोखिम कोष, लगानीमा सम्भावित हानी नोक्सानी वापतको व्यवस्था जस्ता कोषहरु रहेका छन्। यस बैकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा आवश्यक ध्यान पुऱ्याएको छ। यस बाहेकका व्यावसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानी आदिका लागि व्यवस्थापन चनाखो भइ सो हुन नदिन सक्षम तथा प्रतिबद्ध छ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम:
रु.१००/- प्रति सेयरका दरले निष्काशन गरिएको सेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले सेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

१४. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :
१) हकप्रद सेयर खरिद गर्नका लागि हकप्रद सेयरको निष्काशन पूर्व विकास बैंकले सार्वजनिक सूचना मार्फत् जानकारी गराइएको मिति २०७३/५/२९ सम्ममा सेयर खरिद गरी कायम भएका साविक सेयरधनीहरुले मात्र हकप्रद सेयर खरिद गर्न आवेदन दिन पाउने छन्।
२) हकप्रद सेयर खरिद गर्नका लागि आवेदन दिँदा आफ्नो नाममा दर्ता रहेको सेयर संख्या, सेयर प्रमाणपत्र नम्बर, सेयरधनी नम्बर तथा आफूले लिन चाहेको हकप्रद सेयर संख्या समेत खोली विकास बैंकले तोकिएको ढाँचाको आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ।
३) आवेदन फाराम अंग्रेजी तथा नेपाली दुवै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ।
४) हकप्रद सेयर खरिदका लागि आवेदन दिँदा आफूले लिन चाहेको सेयर संख्या वापत प्रति सेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्रहरु वा निष्काशन बैंकको खातामा जम्मा गरी सो को सक्कल भौचर साथै राखी आवेदन दिनु पर्नेछ।
५) संयुक्त नाममा रहेका साविक सेयरधनीहरुले आवेदन दिँदा संयुक्त रुपमा नै हकप्रद सेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ।
६) हकप्रद सेयर बाँडफाँट गर्दा जुन समूहको सेयरधनी हो, सो सेयरधनीलाई सोही समूहको सेयरको अनुपातमा बाँडफाँट गरिनेछ।
७) तोकिएको समयभित्र हकप्रद सेयर खरिदका लागि आवेदन पेश नगर्ने तथा दरखास्त साथ सेयर बापतको रकम दाखिला नगर्ने साविक सेयरधनीहरुले पछि हकप्रद सेयरको लागि कुनै किसिमको दावी गर्न पाउने छैन।
८) हकप्रद सेयर सम्बन्धी कुनै विवाद भएमा वा परेमा विकास बैंकको सञ्चालक समितिले गरेको निर्णय अन्तिम हुनेछ।
९) स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण सेयर प्राप्त गर्ने डिम्याट खाता (DMAT Account/BOID No.) भएका आवेदकहरुलाई नीजहरुले चाहेको खण्डमा धितोपत्रको प्रमाणपत्र अभौतिक रुपमा समेत उपलब्ध गराउने ब्यबस्था गरिने हुँदा नीजहरुले सेयर खरिदका लागि आवेदन दिँदा आफ्नो डिम्याट खाता (DMAT Account/BOID No.) समेत आवेदन फाराममा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ।

१५. यस कम्पनीको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रू.)	शेयर कारोबार संख्या (हजारमा)
०७०/०७१	६४५	२६५	६३०	३०३.८९
०७१/०७२	६००	५१९	५६४	१६०.१७
०७२/०७३	१३४५	५५५	१३०७	१३७८.७४

महिना	अधिकतम शेयर मूल्य (रू.)	न्यूनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रू.)	शेयर कारोबार संख्या (हजारमा)
२०७३ जेष्ठ	१२५२	९९१	१२००	२०३.२१
२०७३ आषाढ	१३४५	११४७	१३०७	१६९.३४
२०७३ श्रावण	१६५७	१२८१	१४००	२३०.५१

द्रष्टब्य: यस विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्यसूचीबाट प्राप्त गर्न सकिनेछ।

१६. शेयर बाँडफाँट सम्बन्धी ब्यवस्था :
स्वीकृत विवरण मार्फत निष्काशन गरिने हकप्रद साधारण सेयर प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" ले निर्धारित गरेको समयभित्र विकास बैंकको सञ्चालक समितिले हकप्रद सेयरको बाँडफाँट गरी सोको प्रमाणपत्र वितरण गर्न राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशित गरिनेछ।

१७. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :
स्वीकृत विवरण अनुसार साविकका सेयरधनीहरुलाई जारी गरिएका हकप्रद साधारण सेयरहरु बाँडफाँट गरे पश्चात् नेपाल धितोपत्र बोर्डको प्रचलित "धितोपत्र निष्काशन निर्देशिका, २०६५" मा भएको ब्यवस्था अनुसार हकप्रद सेयरको प्रमाणपत्र वितरण गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा प्रचलित सूचीकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचीकरण गरी हकप्रद सेयरको खरिद विक्रीको व्यवस्था मिलाइनेछ। साथै नेपाल धितोपत्र बोर्डमा दर्ता भएको धितोपत्र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा समेत दर्ता गरिनेछ।

१८. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :
यस विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा भएको ब्यवस्था अनुसार साविकका सेयरधनीहरुले आफ्नो हक आंशिक वा पूर्ण रुपमा अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न पाइनेछ। यसरी आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०६५" मा भएको देहायका ब्यबस्था अनुसार उक्त नियमावलीको अनुसूची-६ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ।
(क) आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने भएको,
(ख) मनोनयन भै सेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,
(ग) हकप्रद सेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने सेयरवालाले अरु सेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पूरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,
(घ) कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने सेयर समेत कूल सेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले सेयरका लागि आवेदन गर्न सकिने,
(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको सेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,
(च) प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य समेत नभएको,
(छ) हकप्रद सेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :
१) नेपाल राष्ट्र बैकको निर्देशन बमोजिम कायम हुनु पर्ने पुँजीकोषको अनुपात कायम गर्न र कुल सम्पत्तिको ५ प्रतिशत रकमलाई १०० प्रतिशत भारित कोष बापत थप गणना गर्नु पर्ने भएकाले सो को लागि हकप्रद सेयर निष्काशन गरी पूँजी संकलन गर्न।
२) यस विकास बैंकको पूँजीगत योजना बमोजिमको पूँजी पुऱ्याउने उद्देश्य अनुरुप नवौं वार्षिक साधारण सभाबाट २ : १ को अनुपातमा हकप्रद सेयर जारी गरी पूँजी वृद्धि गर्ने निर्णय गरेकोले सोही बमोजिम पूँजी संकलन गर्न।
३) यस विकास बैंकले सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिलाई विस्तार गर्नका लागि आवश्यक पूँजी संकलन गर्न।
४) यस विकास बैंकको प्रबन्धपत्रमा उल्लेख गरिएको उद्देश्यहरु अनुरुप शाखा विस्तार गरी कारोवार वृद्धि गर्न आवश्यक पूँजी जुटाउन र
५) यस विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी यसको स्थितिलाई बढी मजवुत तुल्याइ राख्न।

२०. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रूपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :
यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण अनुसार हकप्रद शेयर जारी गरी प्राप्त हुने पूँजी विकास बैंकबाट देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ।

क्र.सं.	विवरण	रकम (रु.हजारमा)
१.	तरलता कायम गर्न नेपाल राष्ट्र बैंकमा कायम गरिने मौज्दात	करिव रु.८०,०००/-
२.	कर्जा तथा लगानी प्रवाह	करिव रु.२८९,२१६/-
३.	शाखा विस्तार	करिव रु.३०,०००/-
४.	सरकारी ऋणपत्र	करिव रु.२०,०००/-
	जम्मा	**रु.४१९,२१६/-**

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :
यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री नेपाल इन्भेष्टमेण्ट बैक लिमिटेड, दरवारमार्ग, काठमाण्डौ	००१०१०१०३२१७३०
२.	श्री कुमारी बैंक लिमिटेड, पुतलीसडक, काठमाण्डौं	K-६१४४८९-CL

उपरोक्त निष्काशन बैंकमा दरखास्त फाराम वितरण गर्ने तथा बुझिलिने ब्यबस्था गरिएको छैन।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :
हकप्रद सेयरको लागि दरखास्त लिने कार्य कम्तिमा पैंतिस दिनका लागि खुल्ला राखिनेछ। सो समयावधि भित्र सम्पूर्ण हकप्रद सेयरको लागि आवेदन नपरेमा नेपाल धितोपत्र बोर्डको "धितोपत्र निष्काशन निर्देशिका, २०६५" को अधिनमा रहि आवेदन खुल्ला भएको मितिले बढीमा साठी दिन सम्मका लागि खुल्ला राख्न सकिनेछ।

२३. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

१.	श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौ।
२.	श्री मुक्तिनाथ विकास बैंक लि., पृथ्वीचोक, पोखरा तथा बैंकको अन्य कार्यालयहरु।

उपरोक्त स्थानहरुका अलावा धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धकद्वारा अन्य माध्यम मार्फत् सूचित गरिने संकलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त संकलन केन्द्रहरुबाट आवेदन फाराम तथा "हकप्रद सेयर निष्काशन सम्बन्धी ब्यवस्था तथा विवरणहरु" प्राप्त गर्न र आवदेन फाराम साथ सेयर रकम जम्मा गर्ने व्यवस्था गरिनेछ। हकप्रद निष्काशनको क्रममा ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइने र यसरी दरखास्तवालाहरुले दरखास्त दिन चाहेमा सेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केटस लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ सेयरको दरखास्त फाराम नेपाल सरकार, हुलाक सेवा मार्फत रजिष्ट्री गरी एनआईबिएल क्यापिटल मार्केटस लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा पठाएको निवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ। सेयर बिक्री बन्द भएको १५ (पन्ध्र) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई बाँडफाँटमा समावेश गरिने छैन।

२४. संचालकहरुले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :
यस विकास बैंकको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले जम्मा गर्नुपर्ने रकम रु. १२३,१८०,९००/- भुक्तानी गरिएको व्यहोरा अवगत गराउंछौं।

हकप्रद शेयरको बिक्री खुल्ला अवधि :

निष्कासन खुल्ला मिति	:	२०७३/६/२१ गते
निष्कासन बन्द हुने मिति	:	२०७३/७/२५ गते (बैकिङ्ग समय पश्चात्)

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
(A Subsidiary of Nepal Investment Bank Limited)
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल, फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com Website: www.niblcapital.com

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र

मुक्तिनाथ विकास बैंक लिमिटेड
MUKTINATH BIKAS BANK LIMITED
नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "ख" वर्गको वित्तीय संस्था (राष्ट्रिय स्तरको विकास बैंक)

विषय : मञ्जुरीनामा सम्बन्धमा

म/हामी आफैं उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको .... कित्ता हकप्रद शेयर प्रतिशेयर रु. १००/- का दरले जम्मा रु. .... (अक्षरेपी रु. ....) मध्ये बाँडफाँडमा .... कित्ता हकप्रद शेयर परेकोले बाँकी रु. .... (अक्षरेपी रु. ....) र सो को शेयर प्रमाणपत्र श्री .... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौं। निजलाई भुक्तानी/शेयर प्रमाण-पत्र दिनु भएमा पछि कुनै बाधा बिरोध गर्ने छैन/छैनौं। गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ।

भवदीय,

निवेदकको दस्तखत :- मञ्जुरीनामा पाउनेको दस्तखत :-

निवेदकको नाम :- मञ्जुरीनामा पाउनेको नाम :-

यो रसिद हराई अकलि भुक्तानी/शेयर प्रमाणपत्र लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ।